सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५१ | गान्तोक, (बिहिबार) अक्टोबर ११, २०१८ | अङ्क ४१

## भूकम्पबाट हुने आपदाबाट बचाउने उपाय अनि राहतलाई लिएर मक अभ्यास सम्पन्न





**गान्तोक।**
सिक्किम राज्यका चारै जिल्लामा १० अक्टोबरका दिन भुइँचालोको कारण हुने आपदाबाट बाँच्ने उपाय अनि राहतका कार्यहरूबारे सजह हुनुपर्छ भन्ने जानकारी गराउने उद्देश्यका साथ वृहतरूपमा मक ड्रिल अभ्यास आयोजन गरियो। यस अवसरमा लगभग ५ हजार सेना, पुलिस, नागरिक सेना, अर्धसैनिक बल, संघ-संस्था, सिक्किम माउन्टेनरिङ एसोसिएशन तथा अन्य संगठनहरूका स्वयंसेवीहरूले भुइँचालोको आपदाबाट बाँच्ने र बचाउने मक ड्रिलमा सहभागी जनाएका थिए। राजधानी गान्तोकको एमजी मार्ग, तादोङ नरबहादुर भण्डारी डिग्री महाविद्यालय, सिच्छे, भाञ्रा, एसटीएनएम अस्पताल, मणिपाल अस्पताल, देउराली खादी भवनमा मक ड्रिलको अभ्यास गरियो।
यसबारे जनकारी गराउँदै राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरणका परामर्शदाता मेजर जनरल भीके दत्ताले भन्नुभयो, 'यो अभ्यास १९९७ सालमा शिलाङमा आएको ८.७ रेक्टर स्केलको भुइँचालोको अवस्थालाई मध्यनजर गरेर गरिएको थियो। शिलङमा एपी सेन्टर मानेर सम्पूर्ण सिक्किम र उत्तर बंगालका १० वटा जिल्लामा यस दिन एकैसाथ बिहान ठीक ११:१५ मिनटमा भूकम्प आएको संकेत दिँदै मक अभ्यास गरियो। यस क्रममा गान्तोकमा भुइँचालोपछि पैह्रो, आगलागी, भागाभाग, भवन लड्ने, थुनिएकाहरूलाई निकाल्ने जस्ता परिदृश्य तयार गरेर बचाउ अनि राहत कार्यहरू गरियो। ठाउँ-ठाउँका निम्ति तैनाथ गरिएका सबै स्वयंसेवी र कार्मचारीहरूले प्रत्यक्ष अभ्यास गरे।' केही समयको निम्ति राजधानी गान्तोकलगायत अन्य जिल्लाहरूमा साँच्चै भुइँचालो आएको जस्तो स्थिति सिर्जना भएको थियो। लगभग तीन घण्टासम्मको यो अभ्यास समाप्त भएपछि आगामी दिनमा कुनै समय पनि कुनै आपदाको स्थिति उत्पन्न भएको खण्डमा त्यसको सामनाको निम्ति गरिनुर्पने राहत अनि बचाउ कार्यबारे सबैलाई

रहल पृष्ठ २-मा...

## पूर्वोत्तर क्षेत्रमा सिक्किमलाई 'स्वच्छता राज्य' पुरस्कार





**गान्तोक।**
स्वच्छ भारत अभियानअन्तर्गत सिक्किमलाई दुईवटा पुरस्कार प्राप्त भएको छ। गान्धी जयन्तीको अवसरमा मङ्गलवार नयाँ दिल्लीमा आयोजित स्वस्छ भारत दिवस एवम् पुरस्कार वितरण समारोहमा सिक्किमलाई दुईवटा 'स्वच्छ भारत पुरस्कार २०१८ प्राप्त भएको छ।
यो कार्यक्रम भारत सरकारको पेयजल एवम् स्वच्छता मन्त्रालयले आयोजन गरेको थियो। पूर्वोत्तर क्षेत्रमा सिक्किमलाई 'स्वच्छता राज्य' वर्गमा प्रथम पुरस्कार प्राप्त भयो। यो पुरस्कार केन्द्रिय पेयजल एवम् स्वच्छता मन्त्री उमा भारतीले प्रदान गर्नुभएको हो। सिक्किम राज्यको तर्फबाट स्वच्छ भारत अभियान (ग्रामीण )-का अभियान निदेशक अनिलराज राईले यो पुरस्कार ग्रहण गर्नुभयो। यसै गरी सिक्किमलाई पूर्वोत्तर क्षेत्रमा 'स्वच्छ जिल्ला' वर्गमा पनि पुरस्कार प्राप्त भएको छ। यसका निम्ति राज्य तेस्रो स्थानमा आउन सफल भएको हो। पूर्व जिल्लाको पक्षमा पाकिमकी अतिरिक्त जिल्लापाल (विकास) उर्वशी पौड्यालले यो पुरस्कार ग्रहण गर्नुभयो। यो पुरस्कार पनि केन्द्रिय मन्त्री उमा भारतमाद्वारा नै प्रदान गरिएको हो।
स्वच्छ सर्वेक्षण ग्रामीण २०१८ अन्तर्गत सिक्किमले गरेको उत्कृष्ट प्रदर्शनिको कदर गर्दै भारत सरकारले यो पुरस्कार प्रदान गरेको हो।

## पृथ्वीलाई विनासबाट बचाउन रशायनिक मल र कीटनाशकको प्रयोगमा प्रतिबन्ध लगाउनुपर्छः मुख्यमन्त्री




**गान्तोक।**
मुख्यमन्त्री पवन चामलिङले ४ अक्टोबरका दिन देहरादुनमा आयोजित तीन दिवसीय अन्तरराष्ट्रिय जैवविविधता सम्मेलनको उद्घाटन गर्नुभयो। देहरादुनको वन अनुसन्धान संस्थानमा आयोजित अन्तरराष्ट्रिय सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री चामलिङले धरतीलाई विनासबाट बचाउन रासायनिक मल तथा कीटनाशकको प्रयोगमा पूर्ण प्रतिबन्ध लगाउनुपर्ने कुरामाथि जोर दिनुभयो। उहाँले भन्नुभयो, धरतीलाई विनाशदेखि बचाउन रासायनिक मलको प्रयोगमा प्रतिबन्ध लगाउनु नै साहसिक नीति साथै समयानुकूल हस्तक्षेप हुनेछ। मुख्यमन्त्री चामलिङले यस तीन दिवसीय सम्मेलनमा प्रत्येक राज्य सरकारहरूलाई जैविक कृषि अभ्यासका लागि प्रत्येक राज्यमा रसायनिक मल तथा कीटनाशकको प्रयोगमा प्रभावकारी रूपले प्रतिबन्ध लगाउन सल्लाह पनि दिनुभयो। उहाँले भन्नुभयो, धरतीलाई बचाउनका लागि यही नै उचित माध्यम हुनेछ।
स्मरण रहोस्, सम्मेलनमा विश्वभरिबाट जैविक कृषिका हितधारक तथा कार्यकर्ताहरू उपस्थित रहेका थिए। मुख्यमन्त्रीले अझ भन्नुभयो, वर्ष १९७० को तुलनामा वर्ष २०१२ मा वैश्विक जैवविधिताको स्तर २८ प्रतिशत घटेको छ अनि यसरी नै जैवविविधता घट्नुको पछि पछि प्राकृतिक संसाधनको

रहल पृष्ठ २-मा...

## देशको हवाई मानचित्रमा सिक्किमको विमानास्थल



**पाकिम।**
४ अक्टोबर दिँउसो १.२५ बजी कोलकत्ताबाट आएको स्पाइसजेट विमान पाकिम विमानास्थलमा अवतरण हुनासाथै सिक्किममा वाणीज्यिक हवाई सेवा शुरू भएको छ। अब भने सिक्किम पनि देशको हवाई मानचित्रमा व्यावसायिक रूपले सामेल भएको छ।
स्पाइसजेटको सिक्किमगामी विमागमा ७२ जना यात्री रहेका थिए। यात्रीहरूलाई

रहल पृष्ठ ३-मा...

# राज्यका चारै जिल्लामा सम्वेक्षण सम्पन्न

**गान्तोक।**
कम्तिको पनि २८ वटा विभागको विभिन्न सरकारी कार्यक्रमको लाभ लक्ष्यसम्म पुऱ्याउने उद्देश्यका साथ विभिन्न स्तरमा समन्वयनका उपायहरू तयार गरिएको छ। अन्तोदय अभियान आधारित लाइन डेटा संकलन सर्वेक्षण सबै ३३ वटा अन्तोदय अभियानअन्तर्गतका गाउँहरूमा पूरा गरिएको छ। सबै रहल ग्राम पञ्चायतहरूमा यो कार्यक्रम सबकी योजना सबका विकास अभियानको समयमा पुरा गर्ने योजना बनाइएको छ।

सक्किमका रहल १५२ गाउँमा सर्वेक्षण गर्नका लागि खण्ड स्रोतवक्ताका रूपमा रहेका विभागका एसआरएलएम अनि पीडीए-हरूलाई सर्वेयरको रूपमा पहिचान गरिएको छ।

यो सर्वेक्षण आयोजन गर्नका लागि पूर्व जिल्लामा २६ सितम्बर, १ अक्टोबरका दिन दक्षिण जिल्ला अनि ५ अक्टोबरका दिन उत्तर जिल्लामा प्रशिक्षण आयोजन गरियो भने पश्चिम जिल्लामा ८ अक्टोबरका दिन कार्यक्रम सम्पन्न भयो।

उत्तर जिल्लाका सर्वेयर अनि दक्षिण जिल्लाका छुटेकाहरूका लागि ५ अक्टोबका दिन गान्तोकस्थित जनता भवनमा प्रशिक्षण आयोजन गरियो।

ग्रामीण प्रबन्धन विकास विभागका आयुक्तको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपमुख्य कार्यकारी अधिकारी, परियोजना प्रबन्धक, जिल्ला परियोजना प्रबन्धक (डीपीएम), खण्ड परियोजना प्रबन्धक (बीपीएम) लगायत अन्यको उपस्थिति थियो।

# मन्त्री लेप्चाद्वारा होमस्टेको उद्घाटन

**पाकिम।**
लोसिङमा एसएम लिम्बूको चारवटा कमरा भएको होमस्टेको नाथाङ-माछोङका विधायक एवम् मन्त्री डीटी लेप्चाले उद्घाटन गर्नुभयो। होमस्टेको उद्घाटनपछि लिम्बूलाई बधाई दिनुहुँदै उहाँले भन्नुभयो, यस टिकाउ परियोजनाबाट लिम्बू साथै उनका नानीहरूलाई धन आर्जन गर्न अनि आर्थिक अवस्था विकास गर्नमा सहयोग पुग्नेछ।

अन्य गाउँवासीसित होमस्टे शुरू गरेर सरकारद्वारा प्रदान गरिएको अवसरको लाभ उठाउन लेप्चाले सबैसित आग्रह गर्नुभयो।

# असाधारण कार्यका कारण महात्मा गान्धी आज पर्यन्त बाँचिरहनुभएको छः मन्त्री घतानी

**जूम।**
राष्ट्रका अन्य भाग सरह जूम सरकारी माध्यमिक विद्यालयमा पनि उत्साह अनि भक्तिभावका साथ १४९औं गान्धी जयन्ति पालन गरियो। जूम-सालघारी क्षेत्रका विधायक एवम् मन्त्री अर्जुन कुमार घतानीको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा बिना राई, जिल्ला पञ्चायत सदस्य, अधिकारीगण, शिक्षक-शिक्षिका, विभिन्न विद्यालयका विद्यार्थी लगायत भारीमात्रामा स्थानीयवासीको उपस्थिति थियो।

कार्यक्रममा बोल्नुहुँदै विधायक घतानीले भारतीय संघको स्वतन्त्रताका लागि संघर्षमा नेतृत्व गर्ने महात्मा गान्धीको संदेश अनि ज्ञानमाथि प्रकाश पार्नुभयो। स्वतन्त्रता प्राप्त गर्नका लागि राष्ट्रपिताले असाधारण ताकतको रूपमा फिजाएको शान्तिको शक्ति, अहिंसा र सत्यमाथि पनि उहाँले जोर दिनुभयो। डाण्डि मार्च, नागरिक अवज्ञा आन्दोलन, भारत छोडो आन्दोलन, नन कोओपेरेटिभ मुभमेन्ट जस्ता ऐतिहासिक आन्दोलनका कारण अंग्रेजलाई भारत छोडन बाध्य बनाउनका साथै आफ्नो मरणपछि पनि यस ब्रह्माण्डमा उहाँले छाडेर जानुभएको मानवता र अहिंसाका अमूल्य संदेश पनि यस अवसरमा उजागर गरियो। जूम जस्तो सानो गाउँको छुट्टै पहिचानको सम्झना गर्नुहुँदै मन्त्रीले समाजमा शिक्षा अनि उन्नतिको दिशामा यहाँका जनताले पुऱ्याएको योगदानको बारेमा पनि बताउनुभयो।

मन्त्री घतानीले आफ्नो सम्बोधनमा राज्य सरकारको सकारात्मक पहलका कारण सिक्किममा गान्धीको सिद्धान्त कार्यान्वित गरेको कुराको उल्लेख गर्नुहुँदै अघि भन्नुभयो, जैविक सिक्किम, हरित सिक्किम अनि स्वच्छ सिक्किमको सफलताले विश्वलाई नै आकर्षित गरेको छ। महात्मा गान्धीको कल्पनाअनुरूप स्वस्थ अनि व्यवस्थित जीवनका लागि स्वच्छता र सरसफाईलाई मिलाएर राख्न मन्त्रीले सबैसित आग्रह गर्नुभएको छ। शिक्षाको क्षेत्रमा राज्य सरकारले गरेका विकासका गतिविधिहरूको बारेमा प्रकाश पार्नुहुँदै मन्त्रीले विद्यार्थीहरूको भविष्यका लागि पूर्णरूपले समर्पण गरिएका मुख्यमन्त्री मेधावी छात्रवृत्ति योजना, डा. बीआर अम्बेडकर विद्यार्थी छात्रवृत्ति, उच्चस्तरसम्मको निःशुल्क अध्ययन, महाविद्यालय र विश्वविद्यालयको स्थापना अदि उल्लेखनीय विकास जस्ता पहलको बारेमा पनि बताउनुभयो।

सम्पूर्ण सिक्किम राज्यको निम्ति हालै बसेको मन्त्रीमण्डलको सभामा राज्य सरकारले लिएका केही निर्णयबारे पनि मन्त्रीले अवगत गराउनुभयो। उहाँले जूम ग्राम पञ्चायत एकाइ (जीपीयू) अनि सालघारी-जूम क्षेत्र भित्रका लागि राज्य सरकारले स्वीकृत गरेका सडक सम्पर्क, पर्यटन सुविधा केन्द्र जस्ता विकासमूलक कार्यको विस्तृत रूपमा जानकारी गराउनुभयो। यस क्षेत्रमा आउने निर्माणका कार्यहरू स्थानीय युवाहरूलाई दिने पनि मन्त्रीले आश्वासन दिनुभयो।

यसअघि, जूम माध्यमिक विद्यालयका प्रधानाध्यापक बीएस छेत्रीले स्वागत सम्बोधन राख्नुहुँदै विद्यालयको प्रदर्शनमाथि तयार पारिएको प्रतिवेदन संक्षिप्तमा प्रस्तुत गर्नुभयो।

विभिन्न रंगारंग सांस्कृतिक प्रस्तुतिका साथ सम्पन्न कार्यक्रममा योग प्रदर्शनी, देशभक्ति गीत, कविता पठन अदि रहेका थिये। यस अवसरमा मङसारी न्यूलाइट बनाम च्याखुङ सरकारी वरिष्ठ माध्यमिक विद्यालयमाझ भलिबल प्रतियोगिताको फाइनल खेल पनि खेलियो।

कार्यक्रम शुरू हुनअघि मन्त्री घतानीले जोरथाङस्थित गान्धी मार्गमा महात्मा गान्धीको मुर्तिमा माला लगाएर श्रद्धाञ्जली अर्पण गर्नुभयो। यस अवसरमा मन्त्रीसित नयाँ बजार-जोरथाङ नगर परिषदका अध्यक्ष टिका गुरूङ, जोरथाङका महकुमा अधिकारी छिरिङ भोटिया, जोरथाङ सामुदायिक स्वास्थ्य केन्द्रका चिकित्सा अधिकारी डा. एसएन अधिकारी लगायत अन्यको उपस्थिति थियो।

## भूकम्पबाट हुने आपदाबाट बचाउने....

अवगत गराइयो। अभ्यासपछि नरबहादुर भण्डारी डिग्री कलेज तादोङका विद्यार्थीहरूले जागरूकता जुलुस पनि निकाले।

यसरी नै उत्तर जिल्लामा भएको मक अभ्यास अतिरिक्त जिल्लापाल सोमनाथ अधिकारीको नेतृत्वमा भयो। ठिक ११:१५ मा भूकम्प आउनासाथै जिल्ला प्रशासनिक केन्द्रमा जिल्ला आपातकालीन प्रबन्धन केन्द्र स्थापित गरियो। स्थितिको जानकारी लिनका लागि सबै विभागीय प्रमुख ईओसी-मा एकत्रित भए। घटनाको जानकारी वायरलेसमा प्राप्त हुन शुरू भयो। भूकम्प आउनासाथै विभिन्न स्थानमा भएका घटनाको बारेमा जानकारी गाउन थाल्यो। त्यसपछि विभिन्न स्थानमा फँसेका, घाइते भएका, मृत्यु भएका व्यक्तिहरूको उद्धार अनि राहतका निम्ति हात टोली, एम्बुलेन्स र चिकित्सा टोली, आइटीबीपी, जिल्ला पुलिस बल, मसिन अनि जेसीबी टोली, विद्युत मरम्मत टोली, वन्य, खाद्य अनि नागरिक आपूर्ति विभागका टोली जस्ता सम्पूर्ण संसाधन अनि कार्य दल खटिएका थिए।

यसैगरी नाम्चीमा पनि दक्षिण जिल्ला स्तरको मक अभ्यास गरियो। यसको आयोजना राष्ट्रिय आपदा प्रबन्धन निकाय (एनडीएमए)-द्वारा जिल्ला आपदा प्रबन्धन निकाय (डीडीएमए)-सितको संयुक्त तत्वावधानमा नाम्चीका विभिन्न स्थानमा गरेको थियो।

घटनाका सेनापति (दक्षिणका जिल्लापाल) प्रभाकर बर्मा अनि लोजिस्टिक सेक्सन प्रमुख (अतिरिक्त जिल्लापाल) सत्यन प्रधानको प्रबन्धनमा सम्पन्न मक अभ्यासको उद्देश्य भूकम्पको कारण हुने आपदाबाट बाँच्नका लागि अपनाइनुपर्ने व्यवस्थापन, समन्वयन, खोल, राहत, तयारी अनि प्रबन्धनबारे सबैलाई अवगत गराउनु रहेको थियो।

# जिल्लापालको पहलमा शुरू भयो 'घरदैलोमा जिल्ला प्रशासन' कार्यक्रम

**गेजिङ।**
पश्चिमका जिल्लापालको पहलमा शुरू भएको 'घरदैलोमा जिल्ला प्रशासन' कार्यक्रमअन्तर्गत प्रशासनिक टोलीले यस जिल्लाका जिल्ला कार्यालयबाट धेरै टाडोमा रहेका दुर्गम अनि अगम्य स्थानहरूको भ्रमण गरियो। योकसम-टाशीडिङ क्षेत्रका विधायक सोनाम डाडुलको नेतृत्वमा गएको भ्रमण टोलीमा पश्चिमका जिल्लापाल, योकसमका महकुमा अधिकारी, चोङराङका खण्ड विकास अधिकारी, जिल्ला प्रशासनका विभागीय प्रमुख लगायत लाइन विभागका अधिकारीहरूको उपस्थिथि रहेको थियो।

कार्यक्रमको उद्देश्य दुर्गम गाउँहरूमा पुगेर यहाँका मानिसहरूको गुनासोहरूलाई सम्बोधन गर्नु रहेको थियो। विधायक एवम् अधिकारीगणको टोलीद्वारा खोङरी, लाबदाङ, याङथाम, धुपीडाँडा, नरखोला, पोखरी, कर्जी अनि माङनाम आदि गाउँलाई समेटियो। विधायक र जिल्लापालसहित जिल्ला योजना अधिकारी (आपदा प्रबन्धन)-को बाहुलीबाट प्राकृतिक प्रकोपका कारण सम्पत्तिको क्षति भएका परिवारका सदस्यहरूलाई चेक प्रदान गरियो। यसैगरी जिल्लापालले टाशीडिङ ग्राम पञ्चायत एकाइ (जीपीयू)-को भ्रमण गर्नुहुँदै महात्मा गान्धी राष्ट्रिय ग्रामीण स्वरोजगार प्रत्याभूति अधिनियम (एमजीनरेगा) अनि पञ्चायत कोषसित मिलाएर डीएलआरसी-बाट उपयुक्त जल निकासी निर्माणका लागि रू. ७५,००० प्रदान गर्नुभयो।

सरकारको ''ल्याण्ड ब्याङ्क'' नीतिअन्तर्गत विधायक, जिल्लापाल लगायत अन्य अधिकारीगणको उपस्थितिमा टाशीडिङ ग्राम प्रशासनिक केन्द्रभित्रका ८ जना लाभार्थीलाई भूमिका मालिकको लाभ प्रदान गरियो। यसैगरी, टाशीडिङ जीपीयू भित्रका प्रभावित परिवारलाई अनुग्रहराशी पनि प्रदान गरियो। जिल्लापालले जीपीयू, विद्यालय, एकीकृत बाल विकास सेवा (आइसीडीएस) केन्द्र, प्राथमिक स्वास्थ्य उपकेन्द्र (पीएचएससी)-को भ्रमण गर्नुहुँदै आवश्यक परेकाहरूलाई राहत राशि प्रदान गर्नुभयो।

# तिनतेक गान्धी जयन्तीको पालन

**तिनतेक।**
तिनतेक कल्याण संघद्वारा रंगारंग सांस्कृतिक प्रस्तुतिका साथ १४९औं गान्धी जयन्ती पालन गरियो। संघका सदस्यहरूद्वारा सिंहदेवी मन्दिरमा शान्तिका निम्ति प्रार्थना गरेपछि कार्यक्रमको शुरूवात भएको थियो। पुष्पकुमार प्रधानले स्वागत भाषण राख्नुभएको कार्यक्रममा श्रीजना राईले गान्धीको जीवनीमाथि जानकारी गराउनुभयो। केशव छेत्रीद्वारा सञ्चालित कार्यक्रममा अभिनास शंकरले कविता पठन गर्नुभएको थियो।

डेङ्गु फैलिन नदिनका लागि अपनाइनुपर्ने उपायमाथि मान्यताप्राप्त सामाजिक स्वास्थ्य कार्यकरता (आसा) होमकुमारी प्रधानले जानकारी गराउनुभयो। यसैगरी एकीकृत बाल विकास सेवा (आइसीडीएस) केन्द्रकी सदस्य योगिता प्रधानले बढदै गरेका नानीहरूका निम्ति आहारको महत्वमाथि प्रकाश पार्नुभयो।

कार्यक्रममा मुख्य अतिथि रहनुभएका एसके प्रधानले यस दिनको महत्वमाथि बताउनुभयो। उहाँले भन्नुभयो, विश्वमा यस दिनलाई अहिंसा दिवसको रूपमा पनि पालन गरिन्छ।

## पृथ्वीलाई विनासबाट बचाउन रशायनिक.......

दुरूपयोग, अनियन्त्रित तथा लचिलो पर्याप्रणाली रहेको छ। यसरी विश्वव्यापी रूपमा जैविविधताको विनाशले विश्वलाई नै चिन्तित बनाएको उल्लेख गर्नुहुँदै उहाँले यसलाई तत्काल नियन्त्रणमा ल्याउन उचित पहल गर्न जरूरी रहेको छ भनी बताउनुभयो।

सिक्किम सरकारले सञ्चालन गरेका विभिन्न पर्यावरण गतिविधिहरूबारे अवगत गराउनुहुँदै मुख्यमन्त्रीले भन्नुभयो, सिक्किम सरकारले विकासका सबै ढाँचालाई पर्यामैत्री बनाएको छ। पर्यवारणलाई सबै नीतिहरूको केन्द्रमा राखिएको छ। सिक्किमले पर्यावरण संरक्षणमा गरेका पहलहरू र संयुक्त राष्ट्रले दिगो विकास लक्ष्यका लागि निर्धारण गरेको विषयमा धेरै समानता रहेको पनि मुख्यमन्त्रीले बताउनुभयो। सिक्किमले संयुक्त राष्ट्र महासंघद्वारा निर्धारण गरिएका प्रायः जसो लक्ष्यलाई हासिल गरिसकेको छ, उहाँले भन्नुभयो। सिक्किमले गरीबी उन्मूलन गरेको छ, यहाँ कोही पनि भोकै बस्नु पर्ने स्थिति छैन तथा समान रूपमा गुणस्तर शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराएको छ। लैङ्गिक समानता हुनका साथै असमानतालाई घटाएको पनि उहाँले अवगत गराउनुभयो।

यसअघि कार्यक्रमलमाई सम्बोधन गर्नुहुँदै अन्तरराष्ट्रिय जैवविविधता सम्मेलनकी अध्यक्ष तथा नवधान्यकी संस्थापक डा. बन्दना शिवाले मुख्यमन्त्री पवन चामलिङले सदैव जैवविविधता र परिस्थितिकी-को संरक्षण गर्न अद्धितीय कार्य गर्नुभएको र यो भविष्यका लागि एउटा सकारात्मक पहल हुनेछ भनी बताउनुभयो। उद्घाटन सत्रलाई पूर्व विदेश सचिव श्याम शरण, वन अनुसन्धान संस्थानकी निर्देशक डा. सविता, उत्तराखण्ड जैवविविधता बोर्डका अध्यक्ष डा. राकेश शाह, भारतीय वन अनुसन्धान परिषद्का महानिर्देशक डा. एससी गाइरोलाले पनि सम्बोधन गर्नुभएको थियो। यस अवसरमा केन्द्रिय मन्त्री सुरेश प्रभुको सन्देशलाई भीडियोमार्फत प्रस्तुत गरिएको थियो। ४ अक्टोबरदेखि शुरू भएको सम्मेलनको समापन ६ अक्टोबरका दिन भयो।

# सोमबारे विद्यालय प्रबन्धन समितिको सभा सम्पन्न

**सोमबारे।**
सोमबारे सरकारी वरिष्ठ माध्यमिक विद्यालयको प्रेक्षा गृहमा २९ सितम्बरका दिन अभिभावक, विद्यालयका शिक्षण एवम् गैर शिक्षण कर्मचारी तथा विद्यालय प्रबन्धन समितिका सदस्यहरूको उपस्थितिबीच वार्षिक आमसभा बस्यो। पश्चिमकी जिल्ला अध्यक्ष श्रीमती देवीका सुब्बाको विशेष उपस्थितिमा सम्पन्न सभामा विद्यालय साथै विद्यार्थीहरूको सम्पूर्ण कार्य अनि विकासमाथि चर्चा गरियो।

यस अवसरमा नयाँ विद्यालय प्रबन्धन समितिको गठन अनि यौन अपराधबाट बालक-बालिकाको सुरक्षा (पीओसीएसओ) अनि नशालुपदार्थको दुरूपयोगमाथि आमजागरूकता जस्ता विषयमा पनि चर्चा गरियो।

कार्यक्रममा बोल्नुहुँदै विद्यालयका प्रधानाचार्यले विद्यालयमा समग्र रूपमा हुँदैगरेको सही कार्यक्रमसित सम्बन्धित मुद्दाबारे अवगत गराउनुभयो। उहाँले विद्यार्थीहरूको अनुपस्थिति, विद्यार्थीहरूको उपलब्धिका लागि सम्मानित पुरस्कार, विद्यालयको पूर्वाधार र विकास, विद्यालयमा आवश्यक सामग्री र मानवशक्ति, प्रभावकारी अभिभावकीय मार्गदर्शन आदि जस्ता विषयमा विद्यालयद्वारा गरिएका पहलबारे पनि जानकारी गराउनुभयो।

उहाँले वर्ष २०१७-१८ को सीबीएसई परिक्षामा कक्षा दश अनि बाह्रका विद्यार्थीहरूले प्राप्त गरेको उत्कृष्ट परिणामको पनि उहाँले अवगत गराउनुभयो।

सभाको अवसरमा पुरानो विद्यालय प्रबन्धन समिति विघटन गरेर नयाँ समिति गठन गरियो। नयाँ समितिमा सुश्री बिमला राई सभापति, विद्यालयका प्रधानाचार्य आरके पाण्डे सचिव लगायत विभिन्न वार्डबाट ५० भन्दा अधिकलाई सदस्यको रूपमा चयन गरियो।

विद्यालयका एसएएटीएचआई टोलीअन्तर्गत विद्यार्थीहरूद्वारा रोलप्ले पनि प्रस्तुत गरियो। 'से नो टु ड्रग एण्ड एल्कोलिजम'-को ध्येयमा प्रस्तुत गरेको रोलप्लेपछि लागु पदार्थबाट सबैमा पर्ने नकारात्मक प्रभाव अनि स्वास्थ्यमाथिको खतराबारे पावरपोइन्ट प्रस्तुतिकरणको माध्यमबाट उपस्थित सबैलाई जानकारी गराइयो।

जिल्ला अध्यक्ष श्रीमती देवीका सुब्बाले विद्यालयमा भइरहेका विकासमूलक कार्यक्रमबारे बोल्नुहुँदै यस संस्थान अनि समाजलाई उदाहरणीय बनाउनका लागि सामुहिक प्रयास, सहयोग र महान कदमको आवश्यकता पर्दछ। विद्यालयमा आवश्यक डेस्क, चौकी, प्लेट, सरसफाईका सामग्री आदि जिल्ला अनि सरकारबाट पुरा गरिएको छ भनी उहाँले बताउनुभयो।

कार्यक्रममा जिल्ला अध्यक्षसित शिक्षा विभागका सहायक निर्देशक एबी सुब्बा, जिल्ला पञ्चायत सदस्य बिमला राई, सोमबारे पुलिस चौकीका सहनिरीक्षक अविनास लामिछाने लगायत अन्यको उपस्थिति थियो।

# मानिसले महात्मा गान्धीलाई समग्र विकासका आदर्शको रूपमा मानेर अभ्यास गर्नुपर्छः गिरिष चन्द्र

**नाम्ची।**
दक्षिण जिल्ला मानव संसाधन विकास विभाग (एचआरडीडी)-द्वारा नाम्चीको सामुदायिक भवनमा महात्मा गान्धीको १४९औं जन्म जयन्तीको आयोजन गरियो। सिमफेटका अध्यक्ष गिरिष चन्द्र राई मुख्य अतिथि रहनुभएको कार्यक्रममा दक्षिण जिल्ला सूचना एवम् जन सम्पर्क विभागद्वारा महात्मा गान्धीको जीवन अनि सफलतामाथि आधारित छोटो वृत्तचित्र प्रदर्शन गरियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य अतिथि राईले गान्धी जयन्ती समारोहको विषयमा संक्षिप्तमा बताउनुभयो अनि भारतको स्वतन्त्रता आन्दोलनलाई उहाँले कसरी नेतृत्व गर्नुभयो भन्ने कुरामाथि प्रकाश पार्नुभयो। गान्धी स्वयंले उत्साहका साथ अभ्यास गरेको अहिंसा र सत्याग्रहको सिद्धान्तलाई अपनाउन उहाँले विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुभयो। उहाँले विद्यार्थीहरूलाई हिंसाबाट अलग रहन आग्रह गर्नुहुँदै राष्ट्रपितालाई प्रेरणाका स्रोतको रूपमा लिन अनुरोध गर्नुभयो।

सिक्किमको राज्य सरकारले कसरी निरन्तर रूपमा पर्याप्त स्वतन्त्रता प्रदान गर्दै विभिन्न क्षेत्र विशेष गरी शिक्षा, सामाजिक कल्याण अनि राज्यको आर्थिक अवस्था विकसित विश्वको स्तरमा पुऱ्याउनका लागि सिक्किमवासीलाई माथि उठाएको छ भन्ने कुरामाथि पनि प्रकाश पार्नुभयो।

जिल्लापाल प्रभाकर बर्माले यसअवसरमा बोल्नुहुँदै गान्धी जयन्ती समारोहको हाम्रो देश साथै विश्वका लागि कसरी ऐतिहासिक महत्व छ भन्ने कुराको जानकारी गराउनुभयो।

उहाँले अघि भन्नुभयो, गान्धी जयन्तीलाई वैश्विक रूपमा अन्तर्राष्ट्रिय अहिंसा दिवसको नामले जानिन्छ। उहाँले उपस्थित भेलालाई प्रोत्साहित गर्नुहुँदै भन्नुभयो, मानिसहरूले आफ्नो समग्र विकासको लागि आदर्शको अभ्यास गर्नुपर्छ जसको कारण महात्मा गान्धीलाई जानिन्छ।

कार्यक्रमको अवसरमा आयोजक समितिद्वारा नाम्चीको श्यामदास प्राथमिक विद्यालयकी शिक्षक सुरेखा छेत्री, फालीडाँडा निम्न माध्यमिक विद्यालयकी अर्मुला भोटिया, नामथाङ वरिष्ठ माध्यमिक विद्यालयका विध्यापति ढुङ्गेल, सिक्किपको सीएम राई ओमछु वरिष्ठ माध्यमिक विद्यालयका दिनेश गुरूङ, सालघारी माध्यमिक विद्यालयका प्रकाश शर्मा, बर्म्योक-थाङसिङ निम्न माध्यमिक विद्यालयका कर्मा वाङ्दी भोटिया, मल्ली गुम्पा वरिष्ठ माध्यमिक विद्यालयका नर्बु छिरिङ तामाङ, रालङ माध्यमिक विद्यालयका सोनाम छिरिङ भोटिया अनि सोकपे निम्न माध्यमिक विद्यालयका तुलसीराम अधिकारीलाई आफ्नो कार्यमा उत्कृष्ट प्रदर्शन गर्ने शिक्षकको रूपमा पहिचान गर्दै अभिनन्दन जनाइयो।

यस जिल्लाका विभिन्न स्थानमा अवस्थित विद्यालयहरूका निम्ति कार्यक्रममा समावेश गरिएका विभिन्न प्रतियोगिता मध्ये तर्क प्रतियोगिताको फाइनलमा प्रवेश गरेका अहिंसा अनि सत्याग्रह पहिलो र दोस्रो बने। तर्क प्रतियोगितामा नाम्ची वरिष्ठ माध्यमिक विद्यालयकी प्रमिता शर्मालाई उत्कृष्ट वक्ताका रूपमा चयन गरियो।

यसैगरी निबन्ध प्रतियोगितामा नाम्ची न्यू माध्यमिक विद्यालयका रोहित तामाङ पहिलो बने भने सुम्बुक माध्यमिक विद्यालयकी मोनिका राई दोस्रो अनि बिकमत माध्यमिक विद्यालयकी सुजाता शंकर तेस्रो बने।

निम्न माध्यमिक स्तरको चित्रकला प्रतियोगितामा दामथाङ माध्यमिक विद्यालयका प्रनील गुरूङ, अप्पर लिङ्मो निम्न माध्यमिक विद्यालयकी मिना कुमारी सुनवार अनि बर्म्योक-थाङसिङ निम्न माध्यमिक विद्यालयका विनोद सुब्बा क्रमश पहिलो, दोस्रो अनि तेस्रो बने। नाम्ची वरिष्ठ माध्यमिक विद्यालयका सन्दिप थापा प्राथमिक स्तरको चित्रकला प्रतियोगितामा प्रथम बने भने भालुखोप प्राथमिक विद्यालयका अनिस लामा दोस्रो अनि एनटीएल वोक माध्यमिक विद्यालयकी श्रेया राई तेस्रो बने।

कार्यक्रमको अवसरमा जिल्लापाल प्रभाकर बर्मा, वरिष्ठ पुलिस अधिक्षक सामी राई, अतिरिक्त जिल्लापाल सत्यन प्रधान, शिक्षा विभागका अतिरिक्त निर्देशक बिनिता थापा, विभिन्न विभागका अधिकारी, शिक्षक-शिक्षिका, विद्यार्थी लगायत स्थानीयवासीको भारी उपस्थिति थियो।

# रिभरायन इलिमेन्टेरीमा गान्धी जयन्ती पालन

**रङ्गेली।**
रिभरायन इलिमेन्टेरी विद्यालयमा १४९औं गान्धी जयन्ती पालन गरियो। विद्यालयका प्रधानाध्यापक विक्की राईको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रमको सञ्चालन प्रदिप शर्माले गर्नुभएको थियो।

विद्यालयका विद्यार्थीहरूद्वारा सास्कृतिक कार्यक्रम प्रस्तुत गरियो। नृत्य लगायत गायन, बिट बक्स, रायम्स, नैतिक कथा वाचन आदि कार्यक्रम रहेका थिए। कार्यक्रमको दोस्रो चरणमा बस अनि चित्र बनाउ प्रतियोगिता भयो। गान्धी जयन्तीको ध्येयमा भएको प्रतियोगिता वरिष्ठ अनि कनिष्ठ वर्गका निम्ति रहेको थियो। यस्तै प्रकारले ३ अक्टोबरको दिन सरकारी ठेकादार थेन्डुप शेर्पा मुख्य अतिथि रहेको कार्यक्रममा शिक्षा विभागका उपनिर्देशक दोर्जी शेर्पा, छिमेकी राज्य पश्चिम बंगालको कालेबुङ जिल्लाका हाँस्य कलाकार महेन्द्र बागदास, वरिष्ठ नागरिक, विद्यालय प्रमुख लगायत अन्यको उपस्थिति थियो।

राष्ट्रपिता महात्मा गान्धीको मुर्तिमा माल्यार्पण गरेर शुरू भएको कार्यक्रममा नृत्य एवम् कला प्रस्तुत गरियो। कार्यक्रममा उपस्थित हाँस्य कलाकार महेन्द्र बागदास मुख्य आकर्षक रहनुभएको थियो। समाजमा पुऱ्याएको योगदानको कदर गर्दै लिङताम, रिगु अनि सिस्ने-सुबाने खण्डका वरिष्ठ नागरिकहरूलाई विद्यालयद्वारा अभिनन्दन जनाइयो।

विद्यालयका प्रधानाध्यापिका सङ्गिता गुरूङले लिङताम जस्तो स्थानमा यस प्रकारको कार्यक्रम आयोजन गरिनु एउटा माइलखुट्टी हो भन्नुहुँदै अभिनन्दित व्यक्तिहरूप्रति बधाई एवम् शुभकामना व्यक्त गर्नुभयो। विद्यालयमा अध्ययनको आधुनिक तक्नीकीका साथै विद्यार्थीहरूलाई खेल तथा सांस्कृतिक क्षेत्रमा पनि मञ्च प्रदान गर्नुपर्ने कुरामाथि जोर दिनुभयो। कार्यक्रममा उपस्थित भारी भिडलाई कलाकार महेन्द्र बागदासले मनोरञ्जन दिलाए।

# सचिवालय एनेक्सस १-को व्यापक सफाई

**गान्तोक।**
स्वच्छ भारत अभियानअन्तर्गत स्वच्छ भारतको लक्ष्यलाई पूरा गर्ने उद्देश्यले खाद्य सुरक्षा, नागरिक आपूर्ति एवम् उपभोकता मामिला विभागद्वारा सोनाम छिरिङ मार्गस्थित सचिवालय एनेक्सस-१ को व्यापक सफाई गरियो। विभागीय सचिव एसके सिलालको नेतृत्वमा भएको सभाई अभियानमा विभागीय अधिकारीहरूको सहभागिता रहेको थियो। अभियानमा गान्तोक नगर निगमले पनि सहयोग पुऱ्याएको थियो।

यस अवसरमा विभागीय अधिकारीहरूद्वारा विभिन्न प्रजातिका बिरूवा पनि रोपियो। सरकारी कार्यालय परिसरलाई स्वच्छ अनि सुन्दर राख्ने प्रयासका साथ यसो गरिएको बताइएको छ।

## देशको हवाई मानचित्रमा.....

स्वागत गर्नका निम्ति राज्य सरकारका वरिष्ठ मन्त्री डीटी लेप्चा तथा सिक्किमका मुख्य सचिव एके श्रीवास्तव विमानास्थलमा विशेष रूपले उपस्थित रहनुभएको थियो।

यात्रीहरू आएको स्पाइसजेटको विमानलाई भारतको हवाई अड्डा निकाय (एएआई)-ले पानीको फोहराको प्रतिकात्मक सलामी (वाटर केनन सेलुट)-द्वारा स्वागत जनाएको थियो। यहाँ उल्लेखगर्न योग्य कुरा के छ भने कुनै पनि नयाँ विमानास्थला पहिलोपल्ट विमान अवतरण हुँदा तथा विमान सेवा सञ्चालन गर्ने कुनै पनि कम्पनीले नयाँ विमान किनेर पहिलोचोटि अवतरण गराउँदा पानीको फोहराको प्रतिकात्मक सलामी दिने प्रथा रहेको छ। स्पाइसजेटमा सवार भएर कलकताबाट आउने सबै यात्रीहरूलाई मन्त्री लेप्चा र मुख्य सचिवले सिक्किमको पारम्परिक खादा लगाएर पुष्प गुच्छा दिँदै स्वागत जनाउनुभयो। यात्रीहरूले पनि यस पहाडी राज्य सिक्किममा हवाई मार्ग भएर हाउने अवसर प्राप्त भएकोमा अत्यन्त खुशी व्यक्त गरे। प्रायजसो यात्रीहरू अघि पनि सिक्किम आएको तर यस टोली भने हवाई मार्ग भएर यहाँ आउन पाउँदा पहिलोचोटि यहाँ आएको नयाँ अनुभूति भयो भनी उनीहरूले बताए।

यात्रीहरूले अत्यन्त खुशी हुँदै अन्य ठाउँको विमान यात्राभन्दा छुट्टै अनुभव भएको कुरा बताए। सिक्किमको प्राकृतिक सौन्दर्यको पनि उनीहरूले प्रशंसा गरे अनि भने, आगामी दिनमा यहाँ पर्यटन व्यवसाय अझ फस्टाएर जानेछ। कलकताबाट आएको विमानमा कुल ७२ यात्री रहेका थिए भने त्यसमा अधिकांश यात्री सिक्किमबाहिरका थिए। प्रायः जसो यात्री पर्यटन तथा व्यवसायिक प्रयोजनका लागि सिक्किम आएका थिए।

यसबाट सोझै अनुमान लगाउन सकिन्छ कि सिक्किम आगामी दिनमा पर्यटन तथा व्यवसायिक प्रयोजनका लागि उपयुक्त हुनेछ। १.२४ बजे पाकिम हवाई अड्डा आइपुगेको विमान २.१० बजे पाकिमदेखि कलकता प्रस्थानम भयो जसा ७२ जना रहेको थियो। कलकतागामी यात्रीहरूमा केही यात्री सिक्किमे रहे तापनि अधिकांश यात्री पर्यटकहरू नै थिए।

यसैगरी पाकिम हवाई अड्डा सञ्चालन भएको दोस्रो दिन पनि स्पाइसजेट वाणीज्यिक उडान २ बजे दिउँसो अवतरण गरियो। उक्त दिन पनि कलकताबाट हवाई जाहजमा भारीमात्रामा यात्रीहरू सिक्किम आए। पाकिमबाट २.३०-मा कलकता फर्किएको हवाई जाहजमा अधिक यात्रीहरू रहेका थिए। १० मार्चको दिन परिक्षणको समयमा यहाँ क्यू४०० उडान अवतरण गर्न सफल दुई पाइलक कप्तान हर कमल र जेएस सोखे शुरू देखि नै पाइलटको रूपमा रहेका छन्।

# स्वास्थ्य विभागद्वारा पाकिमका दवाई दोकानको निरीक्षण

**पाकिम।**
पाकिम बजारस्थित दवाई दोकानहरूको स्वास्थ्य विभागका अधिकारी अनि पुलिस विभागको संयुक्त पहलमा निरीक्षण गरियो। यसको उद्देश्य दोकानदारहरूको लाइसेनको मिति, स्टक रेजिस्टर अनि लागु पदार्थको विक्रीको जाँच गर्नु रहेको थियो। निरीक्षण टोलीमा वरिष्ठ नशालु पदार्थ निरीक्षक एलएम तार्गेन, पाकिमका एचईओ ज्ञानेन्द्र कार्की, पाकिमका एसएचओ तुलसी थापा, एसआइ डामडी लाचुङपा लगायत अन्यको उपस्थिति थियो। कतिपय दोकानमा पाइएको लापर्वायीलाई मध्यनजर गर्दै सूचना जारी गरिएको छ। सीओटीपी नियमको उल्लङ्घन गर्दै तम्बाकु पदार्थ विक्री गरेको पाइएका दोकानहरूलाई चलान जारी गरिएको छ।

# राज्य स्तरीय निम्न माध्यमिक स्तरको प्रतियोगितामा स्वयम विजयी

**गान्तोक।**

राज्य स्तरीय निम्न माध्यमिक विद्यालय हाजिरीजवाफ प्रतियोगितामा उत्तर सिक्किमको स्वयम सरकारी निम्न माध्यमिक विद्यालय पहिलो स्थान ओगट्न सफल भएको छ। ग्रामीण प्रबन्धन विकास विभागको स्वच्छ भारत अभियान (ग्रामीण) प्रकोष्ठद्वारा आयोजित ''स्वच्छता हाजिरीजवाफ'' मनन् केन्द्रमा भएको थियो।

प्रतियोगितामा पश्चिम सिक्किमको जिल सरकारी निम्न माध्यमिक विद्यालय दोस्रो अनि बर्म्योक डाँडागाउँ सरकारी निम्न माध्यमिक विद्यालय तेस्रो बने। प्रतियोगितामा रिनाक, पस्सी, बर्म्योक थाङसिङ अनि तुमलाबुङ सरकारी निम्न माध्यमिक विद्यालयले भाग लिएका थिए।

कार्यक्रममा विशेष अतिथिका रूपमा उपस्थित ग्रामीण प्रबन्धन विकास विभाग सचिव सीएस रावले कार्यक्रमको महत्वमाथि प्रकाशपार्नुहुँदै विभागले निम्न माध्यमिक विद्यालयसम्म पुग्न आवश्यक रहेको कुरा बताउनुभयो। राज्यमा स्वच्छताका लागि विभागले सहयोग पुऱ्याउने आस्वासन दिनुहुँदै विद्यालयलाई विभिन्न अध्ययनका कार्यक्रमहरू उपलब्ध गर्ने कुरामाथि प्रोत्साहित गराउनुपर्छ भनी बताउनुभयो।

सिक्किमका मुख्य सचिव आलोक कुमार श्रीवास्तवले निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरूसम्म पुग्नका साथै युवावर्गमाझ स्वच्छताको सन्देश पुऱ्याउनका लागि विभागले गरेको पहलको सराहना गर्नुभयो। कार्यक्रममा मुख्य अतिथि रहनुभएका श्रीवास्वले विभिन्न विद्यालयद्वारा सकारात्मक प्रतियोगितामा उत्सुकताका साथ देखाएको उत्कृष्टताको खुलेर प्रशंसा गर्नुभयो।

प्रतियोगितामा सिक्किमको मुख्यमन्त्री कार्यालयका सचिव डीआर नेपाल, ग्रामीण प्रबन्धन विकास विभागका विशेष सचिव अनिलराज राई लगायत अन्यको उपस्थिति रहेको थियो।

आरएमडीडी-को स्वच्छ भारत अभियान (ग्रामीण)-द्वारा राष्ट्रिय नाट्य विद्यालय (सिक्किम केन्द्र)-सितको संयुक्त तत्वावधानमा निर्मित 'हाम्रो सिक्किम राम्रो सिक्किम'-को कार्यक्रममा प्रदर्शन गरियो। यस खेलमा राज्यको खुल्ला स्थानमा शौचमुक्त स्तरको महत्वलाई केन्द्रित गर्दै सरसफाई अनि स्वच्छता अभ्यासबाट हुने लाभलाई समेटिएको छ।

# हराउँदै गरेको पारम्परिक ज्ञानलाई जीवित राख्न गोर विद्यालयमा रचनात्मक गतिविधि

**जङ्गु।**

हराउँदै गरेको पारम्परिक ज्ञानलाई जीवित राखने उद्देश्यका साथ जङ्गुको गोर माध्यमिक विद्यालयद्वारा विद्यार्थीहरूलाई रचनात्मक गतिविधिमा सहभागि बन्न प्रोत्साहित गराउने पहल शुरू गरेको छ। राजाको समयमा काठबाट निर्माण गरिएको पहिलो विद्यालयलाई विद्यालय प्रशासन अनि विद्यालय प्रबन्धन समितिद्वारा नयाँ रूप दिएको छ।

पुरानो ढाँचालाई मरम्मत गरेर नयाँ रूप दिँदै विद्यार्थीहरूले रचनात्मक गतिविधिका लागि यस घरलाई प्रयोग गरुन् भन्ने सोचका साथ हथकरघा अनि बाँसको बास्केट बनाउने केन्द्रको रूपमा स्थापित गरिएको छ। हथकरघाको पहल यस विद्यालयका वरिष्ठ शिक्षक नाकसुक लेप्चाले गर्नुभएको हो।

यस विद्यालयमा रहेका १४० विद्यार्थीहरू चाहे अध्ययन होस या रचनात्मक गतिविधिको क्षेत्रमा होस उत्कृष्ट देखिन्छन्। विद्यार्थीहरू आफ्ना शिक्षकको दिशानिर्देशनमा बिहिबारदेखि शनीबारसम्म रचनात्मक गतिविधिहरूमा संलग्न रहनेगरेका छन्।

जङ्गुको भ्रमणअवधि सिक्किमका पहिलो राज्यपाल बीबी लालले एक दिन बिताएको कारण पनि यस पूरानो विद्यालयको धेरै महत्व रहेको छ।

शिक्षकहरूको पूर्ण मार्गदर्शनमा नयाँ कुराहरूको जानकारी हासिल गर्न पाइरहेका विद्यार्थीहरू पनि औंधि खुशी देखिएका छन्। हथकरघा बुनाइ अनि बाँसको बास्केट बुनाइका लागि स्थानीय प्रशिक्षकलाई प्रशासनद्वारा यहाँ नियुक्त गरिएको छ। यहाँबाट आर्जन हुने राशिबाट प्रशिक्षकलाई वेतनको रूपमा प्रदान गरिनेगरेको जानकारी गराइएको छ।

यसबाहेक विद्यालयमा प्रत्येक कक्षाको किचन गार्डन, पुष्प उद्यान बनाउनका साथै विद्यार्थीहरूलाई जैविक खेतीको बारेमा जानकारी गराउने उद्देश्यले ग्रिनहाउस पनि निर्माण गरिएको छ। विद्यालयले प्लास्टिकका सामग्री अनि बोत्तललाई पुनः प्रयोग गरेर उदाहरणीय काम गरेको छ जसबाट विद्यार्थीहरूलाई नसडिने कुराको नकारात्मक प्रभावबारे ज्ञात हुनेछ।

रचनात्मक गतिविधिमा संलग्न हुनाले विद्यार्थीहरूलाई भरपर्दो, जिम्मेवार, विश्वसनीयताको महत्वबारे अध्ययन गर्ने अवसर प्राप्त हुँदछ।

विद्यार्थीहरूलाई आफ्नो विद्यालयको कार्यसितै जीवनमा आइपर्ने अन्य कुराहरूको जानकारी राखनका लागि यस रचनात्मक गतिविधिले प्रेरित गराउँदछ। सामूहिक लक्ष्यका लागि एकतृत भएर काम गर्नुको मूल्यबारे पनि विद्यार्थीहरूलाई ज्ञात हुँदछ।

# शिक्षक-शिक्षिकालाई आफ्नो कार्यमा प्रोत्साहित गराउने उद्देश्यका साथ विश्व शिक्षक दिवस पालन

**पाकिम।**

पाकिम, मानव संसाधन विकास विभागद्वारा आयोजित विश्व शिक्षक दिवस २०१८ ५ अक्टोबरका दिन सन्त जेभियर्स विद्यालयको हलमा सम्पन्न भयो। मन्त्री डीटी लेप्चाको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा शिक्षा विभागका अधिकारी, महकुमा अधिकारी, अवकाशप्राप्त अधिकारी लगायत पाकिम महकुमाअन्तर्गतका शिक्षण एवम् गैर शिक्षण अधिकारीको उपस्थिति थियो।

कार्यक्रममा बोल्नुहुँदै आयोजक समितिका अध्यक्ष एवम् शिक्षा विभागका सहायक निर्देशक एनके सुब्बाले शिक्षण व्यवसायमा आफ्नो समय अनि प्रयास दिने शिक्षक-शिक्षिकालाई सम्मान गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरेको कुरा बताउनुभयो। आयोजक समितिले प्रतिवर्ष उहाँहरूको व्यवसायमा अझ प्रोत्साहन गर्ने उद्देश्यका साथ अवकास प्राप्त शिक्षक-शिक्षिकालाई सम्मान गर्ने गरेको, गैर शिक्षण कर्मचारीलाई मेधावी पुरस्कार, विद्यालय प्रमुख तथा उत्कृष्ट प्रदर्शन गर्ने विद्यालयहरूलाई पुरस्कृत गर्ने गरेको कुरा उहाँले यस अवसरमा बताउनुभयो।

यस अवसरमा सम्मानित हुने सबैलाई बधाई एवम् शुभकामना दिनुहुँदै मुख्य अतिथि लेप्चाले भन्नुभयो, शिक्षकहरूले विद्यार्थी, समाज अनि राज्यको भविष्य निर्माण गर्ने भएको कारण यो व्यवसाय अति नै सम्मानित हुन्छ। उहाँले युवा शिक्षकहरूसित धेरै अनुभव बटुलेका अनि समाज र राज्य विकासमा धेरै योगदान पुऱ्याएका अवकाशप्राप्त शिक्षक-शिक्षिकाबाट ज्ञान लिन आग्रह गर्नुभयो।

ग्रामीण भेकका विद्यार्थीहरूमा करियरको बारेमा ज्ञानकारी हुन नसक्ने भएको कारण शिक्षकहरूसित उनीहरूलाई करियर परामर्श दिन मन्त्री लेप्चाले अनुरोध गर्नुभयो। उहाँले शिक्षक-शिक्षिका विद्यार्थीको भविष्यका वास्तुकार हुन् भन्दै उनीहरूको भविष्य सुधार्नका लागि करियर परामर्श दिन अनुरोध गर्नुभयो।

नाथाङ-माचोङ क्षेत्रका पाँचवटा सरकारी प्राथमिक विद्यालयहरूमा विद्यार्थीको संख्या कम भएको कारण बन्द भएको जानकारी गराउनुहुँदै सरकारी विद्यालयहरूमा हुने गरेको विद्यार्थीहरूको कम संख्यामाथि मध्यनजर गर्न पनि मन्त्रीले सबैलाई अनुरोध गर्नुभयो। उहाँले भन्नुभयो, सरकारी विद्यालयका शिक्षक-शिक्षिकाहरू धेरै योग्य अनि प्रशिक्षित हुनेभएको कारण सर्वसाधारणले सही शिक्षाको लाभ प्राप्त गर्नुपर्छ। हामी सबै मिलेर सिक्किमलाई प्रगतिशील अनि सुन्दर बनाउँ जुन कुरा हाम्रोबाटै सम्भव छ, उहाँले भन्नुभयो।

पाकिममा हवाई सेवा सञ्चालन भएको कारण राज्य अनि विशेषगरी पाकिमका मानिसहरू धेरै सौभाग्यशाली भएको अनि सबैले अब यसको लाभ उठाउन सक्ने छन् भनी डीटी लेप्चाले बताउनुभयो। हवाई अड्डाबाट प्रभावित भएका परिवारको जमीनको समस्या मिलाइदिन पनि मैले मुख्यमन्त्रीसित अनुरोध गरेको छु, उहाँले भन्नुभयो। गान्तोकमा अवकाश प्राप्त शिक्षकहरूको अतिथि गृह निर्माण गरिदिने माग पुरा हुने कुराको पनि उहाँले जानकारी गराउनुभयो।

पाकिमवासीको कल्याणका लागि यहाँ वर्किङ ह्विमन होस्टेल, सामुदायिक हल, पाकिम बजारबाट हवाई अड्डासम्मको वैकल्पिक सडक लगायत अन्य धेरै विकासमूलक परियोजनाबारे पनि मन्त्री लेप्चाले जानकारी गराउनुभयो।

कार्यक्रमको अवसरमा आयोजक समितिद्वारा मुख्य अतिथि लगायत ३६ अवकाश प्राप्त शिक्षक-शिक्षिका, शिक्षा विभागका एक अवकाशप्राप्त अधिकारी, दशजना शिक्षक-शिक्षिका र दुई जना गैर शिक्षक कर्मचारीलाई सम्मान जनाइयो।

# फोटो प्रदर्शनी आयोजित

**गान्तोक।**

सूचना एवम् जन सम्पर्क विभागद्वारा आयोजित ६ दिवसीय फोटो प्रदर्शनीको उद्घाटन सांस्कृतिक, धरोहर तथा सामुदायिक सद्भावना बोर्डका अध्यक्ष एसडब्ल्यू भोटियाको बाहुलीबाट गरियो।

महात्मा गान्धीको १५०औं जन्मोत्सव पालन गर्ने उद्देश्यका साथ फोटो प्रदर्शनीको आयोजन गरिएको हो।

प्रदर्शनीको उद्घाटन समारोहमा सांस्कृतिक मामिला एवम् धरोहर विभाग सचिव अम्बिका प्रधान, खेल तथा युवा मामिला विभाग सचिव एसडी ढकाल लगायत अधिकारीगणको उपस्थिति रहेको थियो।

फोटो प्रदर्शनीमा वर्ष १९३०-को मार्च-अप्रेल महिनामा महात्मा गान्धीको नेतृत्वमा भारतमा निकालिएको व्यापक अहिंसात्मक विरोधसित आधारित सल्ट मार्चको नामले पनि जानिने डाण्डि मार्च अथवा सल्ट सत्याग्रहका फोटोहरू पनि प्रदर्शन गरिएको थियो।

यस अवसरमा प्रदर्शनी हेर्नका लागि विभिन्न विद्यालय तथा महाविद्यालयका विद्यार्थीहरू पनि उपस्थित भएका थिए।

# अवकाशप्राप्त सचिव ढकालका निम्ति विदाई कार्यक्रम आयोजित

**गान्तोक।**

गृह विभाग तथा डोपार्टद्वारा पर्यटन विभाग सचिव सीपी ढकालका निम्ति विदाई कार्यक्रम आयोजन गरिएको थियो। कार्यक्रममा अतिरिक्त मुख्य सचिव एससी गुप्ता, डोपार्ट सचिव तेन्जिङ गेलेक, विभागीय प्रमुख अनि गृह विभाग तथा डोपार्टका अधिकारीहरूको उपस्थिति थियो।

वर्ष १९८०-मा ग्रेजुएट शिक्षकको पेशादेखि आफ्नो सरकारी सेवा शुरू गर्नुभएका ढकालले ३८ वर्षको कार्यकालमा महकुमा अधिकारीदेखि सचिवको पदसम्म रहेर सेवा पुऱ्याउनुभयो। उहाँ शिक्षकपछि राभाङ्ला र चुङथाङका महकुमा अधिकारी, चुनाउ विभागमा वर्ष १९८९-मा सहायक निर्वाचन अधिकारी (एईओ), उपमुख्य निर्वाचन अधिकारी, संयुक्त मुख्यनिर्वाचन अधिकारी, अतिरिक्त मुख्य निर्वाचन अधिकारी पछि उत्तरका जिल्लापाल, गान्तोक महानगर पालिकाका आयुक्तका साथै स्वास्थ्य विभागमा अतिरिक्त सचिव अनि पर्यटन तथा नागरिक उड्डयन विभागमा विशेष सचिव पछि सचिवको पदमा पदोन्नति हुनुभयो।

यसैवर्षको अप्रेल महिनामा पदोन्नति भएर सचिव बन्नुभएका अवकासप्राप्त सीपी ढकाललाई वर्ष २००५-मा राज्य प्रतिभाशाली पुरस्कार पनि प्रदान गरिसकिएको छ। जीएमसी-का महानगर पालिका आयुक्तको अवधि सिक्किमलाई स्वच्छ पहाली स्टेशन पुरस्कार अनि स्वच्छ राजधानी पुरस्कार पनि प्राप्त भएको छ।

पर्यटन तथा नागरिक उड्डयन विभागका सचिव रहेर हालै उनले राज्य अनि विभागको तर्फमा जम्मु-कश्मिर अनि उत्तरपूर्वी राज्यहरूबीच सिक्किमलाई प्राप्त भएको समग्र विकासका लागि उत्कृष्ट राज्य/केन्द्र शासित प्रदेशमा राष्ट्रिय पुरस्कार ग्रहण गरेका छन्।


**समस्त पाठक वर्गमा**
**बडा दशैं**
**२०१८-को हार्दिक मंगलमय**
**शुभकामना**

**नेपाली हेरल्ड परिवार**
**सूचना एवम् जन सम्पर्क विभाग**
**सिक्किम सरकार**


**सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३१११३२,२३११४२।**

*S.G.P.G - 371 / Nepali Herald 2500 Cps. 11.10.2018*